# आ.व. २०८१/०८२ मा सामाजिक विकास मन्त्रालय अन्तर्गत रहेको रोजगार सूचना केन्द्रबाट सञ्चालन हुने चालु कार्यक्रम अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८१

माननीय मन्त्रीस्तरबाट स्वीकृत मिति- २०८१/०४/०

गण्डकी प्रदेश सरकार

सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

पोखरा, नेपाल

माननीय विनोद कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

# विषय सूची

१ स्थानीय तहका रोजगार संयोजकहरुसँग रोजगार सेवा सम्वन्धी अन्तरक्रिया कार्यक्रम

२ बैदेशिक रोजगारी सम्वन्धी सचेतनामूलक अन्तर्कृया कार्यक्रम

३ रोजगारदाता, मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुसँग रोजगार विनिमय सेवा सम्बन्धि अन्तरक्रिया कार्यक्रम

४ रोजगार पोर्टल संचालन सम्बन्धी रोजगार संयोजकहरुको लागि तालिम कार्यक्रम

५ उद्योग बाणिज्य महासंघ/संघ रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुसँगको सहकार्यमा रोजगारदाताहरुलाई रोजगार पोर्टल संचालन सम्वन्धी तालिम

माननीय बिन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

## १.१. स्थानीय तहका रोजगार संयोजकहरुसँग रोजगार सेवा सम्बन्धी अन्तरक्रिया कार्यक्रम

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००११२ | २.६.४.२०० | २२५१२ | ३ | पटक | ५०० | प्रथम/दोस्रो/तेस्रो/चौथो |
| शीर्षक/विषयवस्तु | विवरण | | | | | |
| पृष्ठभूमि | रोजगारीको हालको प्रमुख आवश्यकता र प्राथमिकता हो । नेपालको सन्दर्भमा आन्तरिक रोजगारीसँगसँगै वैदेशिक रोजगारी पनि महत्वपुर्ण देखिंदै आएको छ ।स्थानीय तहहरुमा रहेका रोजगार सेवा केन्द्र मार्फत आन्तरिक रोजगारी प्रवर्द्धन तथा वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धी कार्यहरु गर्दै आइरहेका सम्बन्धमा प्रदेश सरकारको रोजगार सूचना केन्द्र मार्फत प्रदेश सरकारले लिएका लक्ष्य तथा उद्देश्यहरु प्राप्तिको निम्ति स्थानीय तहसँगको सहकार्य र समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ। यसैको सन्दर्भमा रोजगारी खोज्ने, रोजगारी दिने, साथै वैदेशिक रोजगारीसँग सम्बन्धी समस्या न्यूनीकरण गर्ने र गर्न सघाउने अभिप्रायका साथ आ.ब. २०८१/०८२को बजेट तथा कार्यक्रममा स्थानीय तहका रोजगार संयोजकहरुसँग रोजगार सेवा सम्बन्धी अन्तरक्रिया कार्यक्रम रहेको हुनाले सो कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि"२०७७ , को दफा ४० ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। | | | | | | |
| कार्यक्रमको उद्देश्य | ➢ रोजगार सूचना केन्द्रको परिचय गराउने तथा प्रदेश र स्थानिय तहको अन्तरसम्बन्ध अभिबृद्धी गर्न।<br>➢ स्थानिय तहवाट बेरोजगार ब्यक्तिहरुको लगत संकलन गर्न सहकार्य गर्ने बातावरण तयार पार्ने।<br>➢ बेरोजगार तथा सिपयुक्त जनशक्ति लाई रोजगारदाताहरुलाई आबश्यक जनशक्तिको माग बमोजिम आपुर्ति गर्ने, रोजगार विनिमय सेवालाई प्रभावकारीरुपमा कार्यान्वयनगरी बेरोजगारीको जनसंख्यामा कमी ल्याउने।<br>➢ रोजगारी लाई ब्यस्थीत मर्यादीत बनाउन आबश्यक सूचना सम्प्रेषण तथा रोजगार सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७८ लाई पूर्णरुपमा कार्यान्वयन गर्ने।<br>➢ सिपयुक्त जनशक्ति तयार पार्न सञ्चालन हुने विभिन्न सिपमुलक तालिम कार्यक्रमको प्रचारप्रसारमा सहयोग गरी आपसी सहकार्य अभीबृद्धी गर्ने।<br>➢ प्रदेशका श्रम तथा रोजगार सम्वन्धी कार्यक्रमहरु स्थानिय तहमा कार्यान्वयनको | | | | | | |

| | |
|---|---|
| | लागि आपसि सहयोग अभिवृद्धि<br>➢ बैदेशिक रोजगार लाई व्यवस्थित , सुरक्षित र मर्यादित बनाउनका लागि खेल्नु पर्ने भुमिका बारेमा आपसमा सहकार्यको वातावरण तयार पार्ने आदी<br>➢ दुवै तहका कार्यक्रममा एकरुपता ल्याई बेरोजगारीमा कमी ल्याउने कार्यक्रम सञ्चालन ल्याउन सहयोग गर्ने। |
| सहयोगी निकाय वा संस्थाहरु | ➢ गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान<br>➢ स्थानीय तह,<br>➢ सुरक्षित आप्रबासन कार्यक्रम<br>➢ व्यावसायिक तथा सिप विकास तालिम केन्द्रहरू,<br>➢ सामाजिक विकास कार्यालयहरू<br>➢ उद्योग वाणिज्य महासंघ<br>➢ अन्य परामर्श सेवा प्रदायक निकाय/व्यक्ति/तेस्रो पक्ष |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा। |
| सहभागीहरु | ➢ सामजिक विकास तथा स्वास्थ्य मन्त्रालय।<br>➢ रोजगार संयोजक/सहायक वा सो हेर्ने कर्मचारी ।<br>➢ कार्यक्रम सञ्चालन हुने जिल्लाको सामाजिक विकास कार्यालयको कार्यालय प्रमुख<br>➢ सम्बन्धित जिल्लाको उद्योग वाणिज्य महासंघको प्रतिनिधी ।<br>➢ ब्यावसायिक तथा सिप विकास तालिम केन्द्रको कार्यक्षेत्रभित्र कार्यक्रम सञ्चालन गर्दा सम्वन्धीत तालिम केन्द्रको कार्यालय प्रमुख/प्रतिनिधी ।<br>➢ सम्वन्धित जिल्लाको उद्योग तथा पर्यटन कार्यालयको प्रमुख तथा प्रतिनिधी<br>➢ सामी परियोजनाको प्रतिनिधी ।<br>➢ सम्बन्धित कार्यालय तथा सस्थाको प्रतिनिधीलाई आमन्त्रण गर्न सकिनेछ । |
| बजेट बाँडफाँट | ➢ प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिम खाजा, खाना, प्रशिक्षक पारिश्रमिक, स्टेशनरी, व्यानर,पानी लगायत विविध शिर्षकहरुमा खर्च गरिने । |
| कार्य संचालन प्रक्रिया | ➢ भौगोलिक क्षेत्र अनुसार स्थानीय तहहरुको कलस्टर तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ। |
| अपेक्षित प्रतिफल | ➢ स्थानीय तहका रोजगार संयोजक/सहायकलाई रोजगार सूचना केन्द्रको जानकारी भई आपसी समन्वयमा एकिकृत रुपमा बेरोजगारहरुको लगत संकलन, रोजगार पोर्टल सम्बन्धी जानकारी, रोजगार विनिमय सेवा, रोजगारदातहरुको लगत संकलन, बैदेशिक रोजगारी सम्बन्धी जानकारी, यस केन्द्र र स्थानीय तहसँग समन्वय र सहकार्य अभिबृद्धि हुने। |

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ मन्त्रालय

## १.२. वैदेशिक रोजगारी सम्बन्धी सचेतनामूलक अन्तरक्रिया कार्यक्रम

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५००००१२ | २.६.४.३०९ | २२५१२ | ४ | पटक | ६०० | प्रथम/दोस्रो/तेस्रो/चौथो |
| शीर्षक/विषयवस्तु | विवरण | | | | | |
| पृष्ठभूमि | रोजगारीको हालको प्रमुख आवश्यकता र प्राथमिकता हो । नेपालको सन्दर्भमा आन्तरिक रोजगारीसँगसँगै वैदेशिक रोजगारी पनि महत्वपुर्ण देखिदै आएको छ ।स्थानीय तहहरुमा रहेका रोजगार सेवा केन्द्र मार्फत आन्तरिक रोजगारी प्रवर्द्धन तथा वैदेशिक रोजगार व्यवस्थापन सम्बन्धी कार्यहरु गर्दै आइरहेका सम्बन्धमा प्रदेश सरकारको रोजगार सूचना केन्द्र मार्फत प्रदेश सरकारले सुरक्षित वैदेशिक रोजगारका निम्ति लिएका लक्ष्य तथा उद्देश्यहरु प्राप्तिको निम्ति स्थानीय तहसँगको सहकार्य र समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ। वैदेशिक रोजगारी सम्बन्धी विभिन्न किसिमले हुने ठगि न्यूनीकरण, उचित सूचना परामर्श, सीप तालिमको महत्व र मनोसामाजिक परामर्श लगायतका सूचना एंव सेवाहरु सबै स्थानीय तहहरु मार्फत सबै नागरिकहरुको पहुचँमा पुर्‍याई वैदेशिक रोजगारीसँग सम्बन्धी समस्या न्यूनीकरण गर्ने र गर्न सघाउने अभिप्रायका साथ आ.ब. २०८१/०८२को बजेट तथा कार्यक्रममा स्थानीय तह र यससँग सम्बन्धित सरोकारवालाहरुसँग **वैदेशिक रोजगारी सम्बन्धी सचेतनामूलक अन्तरक्रिया कार्यक्रम** रहेको हुनाले सो कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि"२०७७ , को दफा ४० ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। | | | | | | |
| कार्यक्रमको उद्देश्य | ➢ बैदेशिक रोजगारीलाई व्यवस्थित मर्यादित बनाई बैदेशिक रोजगारमा जाने व्यक्तिहरुलाई श्रम स्वीकृत लिई नेपाल सरकारबाट बैदेशिक रोजगारमा जान स्वीकृत प्राप्त देशमा मात्र जाने र बैदेशिक रोजगारीका क्रममा आइपर्ने समस्याहरुको समाधानका उपाय बारेमा जानकारी गराउने एवं कानुनी प्रकृया पुरा गरी बैधानिक तवरले विदेश जाने कामदारले प्राप्त गर्ने विभिन्न सामाजिक सुरक्षा बारेमा सचेतना फैलाउने । विदेशबाट रोजगार गरि फर्केका युवाहरु लाई पुन विदेश नगई प्राप्त ज्ञान सिपको स्वेदशमानै सदुपयोग गर्न सक्ने वातावरण सृजनाको लागि प्रदेश सरकारबाट भएका पुन एकिकरणक कार्य बारेमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्ने ।<br>➢ बैदेशिक रोजगारमा जाने क्रममा विभिन्न किसिमबाट ठगिने एवं बैदेशिक रोजगारमा रहेका ब्यक्तिहरुले भोग्ने तथा भोगेका समस्याहरुलाई आपसमा अनुभवहरुको आदान प्रदान गरी त्यस्ता समस्याहरुलाई न्युनिकरणको लागि प्रदेश र स्थानीय तहहरुले सञ्चालन गर्नुपर्ने कार्यक्रमको बारेमा पहिचान एवं बैदेशिक रोजगारीमा जाने | | | | | | |

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

| | |
|---|---|
| | नागरिकहरुले पालन गर्नु पर्ने कार्यहरुको बारेमा सरोकारवालाहरु लाई जानकारी गराई बैदेशिक रोजगारीमा जा[illegible] पुर्व सचेतना प्रदान गर्ने तथा बैदेशिक रोजगारीबाट फर्केका ब्यक्तिहरुको अनुभवको आदानप्रदान गर्ने।<br>➢ बैदेशिक रोजगारमा जाने र रोजगारी बाट फर्कने ब्यक्तीहरुको विवरण संकलन एवं अद्यावधी गर्ने कार्यको महत्व बारेमा जानकारी गराई विवरण संकलन गर्न सहयोग गर्ने वातावरणको सृजना गर्ने ।<br>➢ बैदेशिक रोजगारी लाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउन आपसी सूचना आदान प्रदान गर्ने, रोजगार सूचना केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७८ मा भएको ब्यबस्था अनुसारका रोजगार विनिमय सेवा कार्यान्वयनमा सहयोग गरी केन्द्रलाई सम्पर्क केन्द्रको रुपमा विकास गर्ने ।<br>➢ दुवै तहका सरकारहरुले सञ्चालन गर्ने सुरक्षित बैदेशिक रोजगार सम्वन्धी कार्यक्रममा एकरुपता ल्याई बैदेशिक रोजगारलाई सुरक्षित बनाउन आपसमा सूचना आदान प्रदान गर्न सहयोग गर्ने वाताबरण तयार पार्ने । |
| सहयोगी निकाय वा संस्थाहरु | ➢ स्थानीय तह<br>➢ सुरक्षित आप्रबासन कार्यक्रम<br>➢ व्यावसायिक तथा सिप विकास तालिम केन्द्रहरू<br>➢ सामाजिक विकास कार्यालयहरू<br>➢ गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान<br>➢ आवश्यकतानुसार अन्य परामर्श सेवा प्रदायक निकाय/व्यक्ति/तेस्रो पक्ष |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा। |
| सहभागीहरु | ➢ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको कर्मचारी<br>➢ स्थानिय तहका प्रमुख/उप-प्रमुख तथा अध्यक्ष/उपाध्यक्ष,<br>➢ प्रमुख प्रशासकिय अधिकृत,<br>➢ वडा सचिव/कर्मचारी,<br>➢ सामी कार्यक्रमको प्रतिनिधी,<br>➢ रोजगार संयोजक/सहसंयोजक,<br>➢ बैदेशिक रोजगारीबाट फर्केका, रोजगारमा जान लागेका र प्रभावित भएका व्यक्तिहरु,<br>➢ अन्य आमन्त्रित सम्बन्धित विषयसँग सम्बन्धित कार्यालय तथा सस्थाको प्रतिनिधी । |
| बजेट बाँडफाँट | ➢ प्रदेश सरकारको खर्चको मापदण्ड बमोजिम खाजा, खाना, प्रशिक्षक पारिश्रमिक, स्टेशनरी, व्यानर, पानी लगायत विविध शिर्षकहरुमा खर्च गरिने । |
| कार्य संचालन प्रक्रिया | ➢ भौगोलिक क्षेत्र, राहदानी वितरण र वैदेशिक रोजगारमा सबै भन्दा धेरै गएका नगर/गाउँपालिकाको सुची तयार गरी स्थानीय तहहरुको कलस्टर तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ। |
| अपेक्षित प्रतिफल | ➢ आफ्ना स्थानीय तह भित्रका जनप्रतिनिधि, वैदेशिक रोजगारीमा जाने, गएका र जान चाहनेहरुको लागि सुरक्षित वैदेशिक रोजगारीका बारेमा जानकारी प्राप्त हुने भयो। |

माननीय विन्दु कुमार थापा
मन्त्री

## १.३. रोजगारदाता, मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुसँग रोजगार विनिमय सेवा सम्बन्धी अन्तरक्रिया कार्यक्रम

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००१२ | २.६.४.३०७ | २२५१२ | २ | पटक | २०० | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | श्रम बजारमा रोजगारदाताहरुले आफुलाई चाहिने दक्ष जनशक्ति नपाउनु र र रोजगार खोज्ने बेरोजगार ब्यक्तिहरुले आफ्नो सिप अनुसारका चाहेको रोजगारी नपाउनु समस्याको रुपमा रहेको देखिन्छ। यसैलाई मध्यनजर गरी रोजगार सूचना केन्द्र मार्फत रोजगार विनिमय सेवा दिने कार्यहरु गर्दै आइरहेका सन्दर्भमा रोजगार सूचना केन्द्र मार्फत प्रदेश सरकारले लिएका लक्ष्य तथा उद्देश्यहरु प्राप्तिको निम्ती सम्बन्धित निकायहरुसँगको सहकार्य र समन्वय गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने हुन्छ। यसैको सन्दर्भमा रोजगारी खोज्ने, रोजगारी दिने, साथै रोजगारीसँग सम्बन्धी समस्या न्यूनीकरण गर्ने र गर्न सघाउने अभिप्रायका साथ आ.ब. २०८१/०८२को बजेट तथा कार्यक्रममा रोजगारदाता, मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित निकायहरुसँग रोजगार सेवा सम्बन्धी अन्तरक्रिया कार्यक्रम रहेको हुनाले सो कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि"२०७७ , को दफा ४० ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। |
| कार्यक्रमको उद्देश्य | ➢ रोजगार सूचना केन्द्रको रोजगार विनिमय सेवा बारेमा जानकारी गराउने तथा रोजगारदाता, मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुसँगको अन्तरसम्बन्ध अभिबृद्धी गर्न।<br>➢ रोजगारदाताहरुको पहिचान तथा विबरण अद्यावधिक गर्ने ।<br>➢ रोजगार सूचना केन्द्र र रोजगारदाताहरु विच सहकार्यका क्षेत्रहरुको पहिचान गर्ने।<br>➢ बेरोजगार तथा सिपयुक्त जनशक्तिलाई रोजगारदाताहरुलाई आबश्यक जनशक्तिको माग बमोजिम आपुर्ति गर्ने माध्यम वनाई बेरोजगारीको जनसंख्यामा कमी ल्याउने।<br>➢ रोजगार सूचना केन्द्रको रोजगार विनिमय सेवालाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न ।<br>➢ सिपयुक्त जनशक्ति तयार पार्न तालिम कार्यक्रमको प्रचारप्रसार गरी आपसी सहकार्य बृद्धी गर्ने।<br>➢ देशमा विद्यमान वेरोजगारीलाई न्युनिकरण गर्ने कार्यमा प्रदेश सरकार र |

| | |
|---|---|
| | रोजगारदाता बिचमा सहकार्यको अभिवृद्धि गर्ने। |
| सहयोगी निकाय वा संस्थाहरु | ➢ व्यवसायिक तथा सिप विकास तालिम केन्द्र<br>➢ सामाजिक विकास कार्यालय<br>➢ सुरक्षित आप्रबासन कार्यक्रम<br>➢ उद्योग वाणिज्य महासंघ<br>➢ संयुक्त ट्रेड युनियन समन्वय केन्द्र<br>➢ अन्य परामर्श सेवा प्रदायक निकाय/व्यक्ति/तेस्रो पक्ष |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा। |
| सहभागीहरु | ➢ सामजिक विकास तथा स्वास्थ्य मन्त्रालय ।<br>➢ उद्योगी व्यवसायी लगायतका रोजगारदाताहरु ।<br>➢ मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरु,<br>➢ उद्योग वाणिज्य महासंघ,<br>➢ CTEVTA को प्रमुख तथा प्रतिनिधी ।<br>➢ GTEVTA को प्रमुख तथा प्रतिनिधी ।<br>➢ ब्यावसायिक तथा सिप विकास तालिम केन्द्र<br>➢ सम्बन्धित विज्ञ, कार्यालय तथा सस्थाको प्रतिनिधी आमन्त्रण गर्ने सकिने। |
| बजेट बाँडफाँट | ➢ गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार गरिनेछ । |
| कार्यसंचालन प्रक्रिया | ➢ भौगोलिक क्षेत्र अनुसार कलस्टर तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ।<br>➢ औद्योगिक क्षेत्र भएको ठाउँको सूची तयार गरी कार्यक्रम सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | ➢ रोजगारदाता, मजदुर ट्रेड युनियन तथा रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुलाई यस केन्द्रको रोजगार विनिमय सेवा सम्बन्धी जानकारी प्राप्त हुने।<br>➢ बेरोजगार व्यक्ति र रोजगारदातालाई जोड्ने पुलको काम गर्ने ।<br>➢ बेरोजगारी न्यूनिकरण। |

## १.४. रोजगार पोर्टल सञ्चालन सम्बन्धी रोजगार संयोजकहरुको लागि तालिम कार्यक्रम

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००0१२ | २.६.४.३११ | २२५१२ | ३ | पटक | ६०० | दोस्रो/तेस्रो/चौथो |
| शीर्षक/विषयवस्तु | विवरण | | | | | |
| पृष्ठभूमि | रोजगार सूचना केन्द्रबाट संचालन हुने रोजगार विनिमय सेवालाई प्रभावकारी, व्यवस्थीत र प्रविधिमैत्री बनाउन तयार पारिने रोजगार पोर्ट सञ्चालन गर्नको लागि स्थानीय तहका रोजगार संयोजक तथा कर्मचारीलाई दक्ष बनाई रोजगारदाता र रोजगारी खोज्ने व्यक्तिहरु | | | | | |

माननीय बिन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

माननीय बिन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

| | |
|---|---|
| | विचमा पुलको काम गरि बेरोजगार न्युनीकरणको लागी यो कार्यक्रम सञ्चालन गरिने । यसैको सन्दर्भमा रोजगारी खोज्ने रोजगारी दिने साथै रोजगारीसँग सम्बन्धी समस्या न्यूनीकरण गर्ने अभिप्रायका साथ आ.ब. २०८१/०८२को बजेट तथा कार्यक्रममा रोजगार पोर्टल सञ्चालन सम्बन्धी रोजगार संयोजकहरुको लागि तालिम कार्यक्रम रहेको हुनाले सो कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि , "२०७७ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। |
| कार्यक्रमको उद्देश्य | ➢ स्थानीय तहको रोजगार सेवा केन्द्र मार्फत रोजगार पोर्टल सञ्चालनमा सहयोग पुग्ने।<br>➢ स्थानीय तह अनुसारको बेरोजगार व्यक्तिहरुको विवरण संकलन हुने।<br>➢ स्थानीय तहमा भएका रोजगारदाताहरुको पनि विवरण संकलन हुने ।<br>➢ रोजगारदाता र बेरोजगार व्यक्ति एक आपसमा यस रोजगार पोर्टल मार्फत जोडिन सहज हुने। |
| सहयोगी निकाय वा संस्थाहरु | ➢ स्थानीय तह<br>➢ व्यवसायिक तथा सिप विकास तालिम केन्द्रहरु<br>➢ सामाजिक विकास कार्यालयहरु<br>➢ सुरक्षित आप्रबासन कार्यक्रम<br>➢ परामर्श सेवा प्रदायक निकाय/व्यक्ति/तेस्रो पक्ष |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | रोजगार सूचना केन्द्र, गण्डकी प्रदेश, पोखरा। |
| सहभागीहरु | ➢ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय<br>➢ ब्यावसायिक तथा सिप विकास तालिम केन्द्रको कार्यालय प्रमुख ।<br>➢ सामाजिक विकास कार्यालयको कार्यालय प्रमुख ।<br>➢ स्थानीय तहका रोजगार संयोजकहरु/सहसंयोजक वा सो हेर्ने कर्मचारी ।<br>➢ उघोग वाणिज्य महासंघ प्रतिनिधी लगायत अन्य आमन्त्रित सरोकारवाल निकायको प्रतिनिधी । |
| बजेट बाँडफाँट | ➢ गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार गरिनेछ । |
| कार्य सञ्चालन प्रक्रिया | ➢ भौगोलिक क्षेत्र अनुसार स्थानीय तह अनुसार कलस्टर तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ। |
| अपेक्षित प्रतिफल | ➢ रोजगार पोर्टल सञ्चालनमा स्थानीय तहलाई रोजगार सेवा केन्द्रमा कार्यरत कर्मचारीलाई दक्ष बनाई रोजगार विनिमय सेवा प्रविधिमैत्री रुपमा सञ्चालन हुने।<br>➢ बेरोजगारीको लागत संकलन तथा रोजगारी सम्बन्धी सूचनाहरुको स्थानीय तह र प्रदेश विचमा आदानप्रदान हुने।<br>➢ रोजगार सूचना केन्द्रबाट दिने रोजगार विनिमय सेवालाई स्थानीय तहसँगको सहकार्य र समन्वयमा तहाँ रहेका वेरोजगार व्यक्तिहरुलाई रोजगारदाता समक्ष यस रोजगार पोर्टल मार्फत पुर्याउने काम गर्दछ। |

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

## १.५. उद्योग वाणिज्य महासंघ/संघ, रोजगारसँग सम्बन्धित सरोकारवाला निकायहरुसँगको सहकार्यमा रोजगारदाताहरुलाई रोजगार पोर्टल सञ्चालन सम्बन्धी तालिम

| ब.उ.शी.नं. | क्रियाकलाप नं. | खर्च शीर्षक | लक्ष्य | इकाई | विनियोजित रकम (रू) | अवधि (त्रैमासिक) |
|---|---|---|---|---|---|---|
| ३५०००१२ | २.७.२५.४५८ | २२५२२ | २ | पटक | ५०० | दोस्रो/तेस्रो/चौथो |

| शीर्षक/विषयवस्तु | विवरण |
|---|---|
| पृष्ठभूमि | रोजगार सूचना केन्द्रबाट संचालन हुने रोजगार विनिमय सेवालाई प्रभावकारी, व्यवस्थीत र प्रविधिमैत्री बनाउन तयार पारिने रोजगार पोर्टल सञ्चालन गर्नको लागि रोजगारदाताहरुलाई दक्ष बनाई यसै पोर्टल मार्फत आफुलाई चाहिने दक्ष जनशक्तिहरु पूर्ति गर्ने खालको प्रविधिमैत्री बनाई बेरोजगार न्युनीकरणको लागी यो कार्यक्रम सञ्चालन गरिने ।यसैको सन्दर्भमा रोजगारी खोज्ने, रोजगारी दिने, साथै रोजगारीसँग सम्बन्धी समस्या न्यूनीकरण गर्ने अभिप्रायका साथ आ.ब. २०८१/०८२ को बजेट तथा कार्यक्रममा रोजगार पोर्टल सञ्चालन सम्बन्धी रोजगार संयोजकहरुको लागि तालिम कार्यक्रम रहेको हुनाले सो कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेशले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि"२०७७ , को दफा ४० ले दिएको अधिकार प्रयोग गरी यो मापदण्ड निर्माण गरेको हो। |
| कार्यक्रमको उद्देश्य | ➢उद्योग वाणिज्य महासंघ/संघ रोजगारसँग सम्बन्धित सरोकाराला निकायहरु र रोजगारदाताहरुलाई यस केन्द्रको रोजगार विनिमय पोर्टल सम्बन्धी जानकारी हासिल भई कर्मचारीको माग गरि छनौट गर्न यस पोर्टलबाट सहयोग मिल्ने भयो । |
| सहयोगी निकाय वा संस्थाहरु | ➢ व्यावसायिक तथा सिप विकास तालिम केन्द्र<br>➢ उद्योग वाणिज्य महासंघ<br>➢ सुरक्षित आप्रबासन कार्यक्रम<br>➢ परामर्श सेवा प्रदायक निकाय/व्यक्ति/तेस्रो पक्ष |
| कार्यक्रम कार्यान्वयन गर्ने निकायहरु | रोजगार सूचना केन्द्र,गण्डकी प्रदेश, पोखरा। |
| सहभागीहरु | ➢सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय<br>➢रोजगारदाताहरु<br>➢सामाजिक विकास कार्यालयको कार्यालय प्रमुख<br>➢ब्यावसायिक तथा सिप विकास तालिम केन्द्रको कार्यालय प्रमुख ।<br>➢उद्योग वाणिज्य महासंघको प्रतिनिधी लगायत अन्य आमन्त्रीत सरोकारवाला निकायको प्रतिनिधी |
| बजेट बाँडफाँट | ➢ गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड अनुसार गरिनेछ । |

माननीय विन्दु कुमार थापा
मन्त्री
सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

| | |
|---|---|
| कार्य संचालन प्रक्रिया | ➢ भौगोलिक क्षेत्र अनुसार कलस्टर तयार गरी कार्यक्रम सञ्चालन गरिनेछ।<br>➢ औद्योगिक क्षेत्र भएको ठाउँको सूची तयार गरी कार्यक्रम सञ्चालन गर्ने। |
| अपेक्षित प्रतिफल | ➢ रोजगार पोर्टल सञ्चालनमा रोजगारदातालाई दक्ष बनाई रोजगार विनिमय सेवा प्रविधिमैत्री रुपमा सञ्चालन हुने।<br>➢ रोजगार सूचना केन्द्रबाट दिने रोजगार विनिमय सेवालाई रोजगारदातासँगको सहकार्य र समन्वयमा तहाँ आवश्यक रहेको जनशक्तिहरुलाई रोजगारदाता समक्ष यस रोजगार पोर्टल मार्फत पुऱ्याउने काम गर्दछ। |